

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २० गते बुधबार ❑ 5 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## तत्काल संसदीय समितिका सभापति चयन गर्ने समझदारी

**रासस**
काठमाडौं, १९ असार

तीन ठूला दलका शीर्ष नेताहरूले संसदीय समितिको सभापति तत्काल चयन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा मंगलबार भएको छलफलमा शीर्ष नेताले समितिका सभापति अविलम्ब चयन गर्ने प्रतिबद्धता जनाउनुभएको सभामुख देवराज घिमिरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "संसदीय समितिको सभापति चयन तत्काल गर्ने नेताहरूले प्रतिबद्धता जनाउनुभएको छ, अब हाम्रो ध्यान (बजेट पारित भएकाले) समिति गठनतिरै केन्द्रित भएको छ।" उहाँले समितिले छिट्टै नेतृत्व पाउनेमा विश्वास व्यक्त गर्नुभयो। समितिको नेतृत्व नहुँदा ज्येष्ठ सदस्यबाट बैठक सञ्चालन भइरहेको छ । ज्येष्ठ सदस्यले नेतृत्व गर्दा विधेयकमाथिको छलफल अगाडि बढ्न सकेको छैन ।

गत वैशाख १५ गते प्रतिनिधिसभा अन्तर्गत १० विषयगत समिति गठन भएका थिए । समिति गठन भएको दुई सातापछि गत जेठ २ गते एकसाथ ती समितिको बैठक सुरु भएका थिए । तर सभापति चयन हुन नसक्दा समितिले विधेयकमाथि छलफल हुन सकेका छैनन् । प्रमुख दलका प्रमुख सचेतक, कार्यव्यवस्था परामर्श समितिको बैठक तथा अनौपचारिक छलफलमा पटक-पटक सभापति चयन गर्न समयसीमा नै तोक्दा पनि दलले प्रयत्न नगरेपछि सभामुख घिमिरेले शीर्षनेतासँग परामर्श गर्नुभएको हो। सभामुख घिमिरेले सहमतिबाट सभापति नतोकिएका निर्वाचन प्रक्रियाबाट सभापतिको चयन हुने बताउनुभयो। संसदीय समितिलाई कसरी स्तरीय र प्रभावकारी गतिशील बनाउने भन्ने बारेमा नेताहरूसँग सल्लाह मागेको उहाँको भनाइ छ। "लामो समयदेखि संसदीय समितिको नेतृत्व चयन भएको छैन, ज्येष्ठ सांसदबाट समितिको अध्यक्षता गरेर काम भइरहेको छ। समिति सभापति चयन निर्वाचनमार्फत वा सहमतिमा टुङ्ग्याउनुहुन्छ भनि प्रश्न गरेको छु", उहाँले भन्नुभयो, "यसमा तपाईंहरूले प्रक्रिया थाल्नुभएन भने मैले कदम चाल्नुपर्ने हुन्छ पनि भनेको छु।"

संसदीय समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि सभामुख घिमिरेले मंगलबार प्रमुख तीन दलका शीर्ष नेतासँग छलफल गर्नुभएको हो । बैठकमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', प्रमुख विपक्षी दलका नेता एवं नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ सहभागी हुनुहुन्थ्यो।

## ट्राफिक व्यवस्थापनमा समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखराको पृथ्वीचोकमा सुविधासम्पन्न बसपार्क निर्माणका लागि चार दशकअघि नै जमिन छुट्याइएको थियो ।

विसं २०३२ मा बसपार्कका लागि दुई सय पाँच रोपनी जमिन छुट्याइए पनि हालसम्म बसपार्कको पूर्वाधार बन्न सकेको छैन । जग्गासमेत अतिक्रमणमा परेको छ । बर्सेनि बसपार्कको जमिन खुम्चिँदै गएको छ ।

पर्यटकीय सहर पोखरामा सुविधासम्पन्न बसपार्क नहुँदा सडकपेटीबाटै लामो तथा छोटो दूरीका बस गन्तव्यका लागि छुट्नुपर्ने बाध्यता छ भने बसपार्कका लागि तोकिएको क्षेत्रबाट समेत सवारी साधन छुटेका छैनन् । पृथ्वी होटल व्यवसायी समितिले सोमबार आयोजना गरेको कार्यक्रममा सरोकारवालाले बसपार्कभित्रबाट बस सञ्चालन नहुँदा ट्राफिक व्यवस्थापनमा समस्या भएको बताएका छन् । सडकमै बस पार्किङ गर्दा सडक अस्तव्यस्त र कुरुप भएकाले बस समितिले बसपार्कबाट गाडी सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ । सहारा क्लब पोखराका पूर्वअध्यक्ष विक्रम थकालीले सडकमा पार्किङ गरेर बस छुटाउँदा पृथ्वीचोक अस्तव्यस्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "लामो दूरीका गाडीसमेत सडकबाटै छुटाउँदा पृथ्वीचोकबाट चाइना पुलसम्म अस्तव्यस्त भएको छ । पृथ्वीचोकलाई व्यवस्थित गर्न बस बसपार्कबाटै छुट्नुपर्दछ । यसमा सरोकारवालाको ध्यान पुगोस् ।" जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी शिव पाठकले बस सञ्चालकको लोभका कारण बसपार्कबाट बस नछुटेको बताउनुभयो । उहाँले सडकबाट गाडी छुटाउँदा ट्राफिक व्यवस्थापनमा प्रहरीलाई सकस भएको बताउनुभयो ।

यात्रु तान्नका लागि बसहरू सडकमै पार्किङ गर्ने गरिएको उहाँको जिकिर छ । पाठकले भन्नुभयो, "यात्रु छोप्नका लागि सडकमै पार्किङ गर्ने गरिएको छ । बस बसपार्कभित्रै छिर्नुपर्दछ । बसपार्कभित्रका ग्यारेज हटाएर यसलाई अझै व्यवस्थित गर्नु आवश्यक छ ।" यातायात व्यवसायी भानुभक्त बरालले बसपार्क सानो भएकाले बसपार्कबाट बस नछुटेको बताउनुभयो । उहाँले पोखरा बसको 'क्यू' बसपार्क केन्द्रित नभइकन झ्याली केन्द्रित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "बसपार्क व्यवस्थित भयो भने बल्लमात्र बस बसपार्कबाट छुट्छन्।" पोखरामहानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कमा ग्राभेल हालेर व्यवस्थित गर्न सुरुआत गरिएको बताउनुभयो । उहाँले व्यवस्थित बसपार्क निर्माणका लागि महानगरमा सबैले दबाब दिनु आवश्यक भएको बताउनुभयो । महानगरले समेत आगामी वर्ष बसर्पाकका लागि बजेट विनियोजन नगरेकामा अध्यक्ष मर्सानीले दुःखेसो पोख्नुभयो ।

उहाँले भन्नुभयो, "वडाको बजेटले बसपार्क बनाउन सकिँदैन । महानगर, प्रदेश सरकार र सङ्घीय सरकारलाई दबाब दिनु आवश्यक छ, बसपार्कका लागि आन्दोलन गर्न परे पनि अब पछि हट्नु हुँदैन ।" पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष बालकृष्ण न्यूरेले विभिन्न कारणले पोखराको मुख्य बसपार्क व्यवस्थित हुन नसके पनि अब राज्यलाई दबाब दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले भएको बसपार्कलाई व्यवस्थित गरेर आगन्तुक पाहुनालाई सभ्य र सुरक्षित पोखराको महसुस गराउनुपर्दछ ।"

## गण्डकी प्रदेश सभामा बजेटका सम्बन्धमा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार


गण्डकी प्रदेशसभाको मंगलबारको बैठकमा आव ०८०/८१ का लागि विनियोजित बजेटको मन्त्रालयगत छलफलका क्रममा प्रदेशसभा सदस्यहरूले उठाएका प्रश्नको सम्बन्धित मन्त्रीहरूले जवाफ दिनुभएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले बजेटमाथिको मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्न र सुझावलाई मार्गदर्शनका रूपमा ग्रहण गरी कार्यान्वयन गरिने बताउनुभयो । उहाँले पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगार सिर्जनामा बजेट केन्द्रित गरिएको उल्लेख गर्नुभयो । स्रोतसाधनको सीमितताबीच उद्योग र पर्यटनका क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न नसकिएको मन्त्री थापाले स्पष्ट पार्नुभयो ।

पर्यटकीय गन्तव्यको विकास र नयाँ पदमार्ग पहिचानमा बजेट छुट्याइएको र देशकै प्रमुख पर्यटकीय गन्तव्य फेवातालको सुन्दरतादेखि घरबास पर्यटनको प्रवर्द्धनसम्मलाई बजेट तथा कार्यक्रममा समेटिएको उहाँले भनाइ थियो । आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले प्रदेश सरकारले वस्तुगत र कार्यान्वयनयोग्य बजेट ल्याएको बताउनुभयो। उहाँले हचुवाका भरमा नभई प्रतिफल दिने क्षेत्रमा मात्र बजेट विनियोजन गरिएको उल्लेख गर्नुभयो।

वितरणमुखी बजेटको परम्परालाई अन्त्य गर्न यसै वर्षदेखि सक्दो प्रयास थालिएको मन्त्री आले मगरको भनाइ थियो । ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले 'उज्यालो गण्डकी प्रदेश' घोषणालगायत दूरगामी महत्वका कार्यक्रम बजेटमा परेको बताउनुभयो । उहाँले न्यूनतम रु १० लाखसम्मका योजनामात्र बजेटमा समावेश गरिएको उल्लेख गर्नुभयो। आवश्यकता पहिचान गरेर मात्र ऊर्जा, खानेपानी र सिँचाइका आयोजना छनोट गरिएको मन्त्री तिवारीले उल्लेख गर्नुभयो।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले विकासलाई गाउँसँग जोड्ने गरी बजेट विनियोजन गरिएको बताउनुभयो । उहाँले पूर्वाधार आयोजनातर्फ बजेट तथा कार्यक्रमको बाँडफाँटमा कसैको पनि दबाब नआएको प्रस्ट पार्नुभयो । मन्त्री जुग्जालीले जनसङ्ख्याका आधारमा दोस्रो ठूलो जिल्ला भएर पनि नवलपुरमा तुलनात्मकरूपमा कम योजना परेको स्वीकार गर्दै कसैको प्रभाव र दबाबमा नपरी आवश्यकता र मागका आधारमा बजेट विनियोजन गरिएको बताउनुभयो। बजेटमाथि मन्त्रालयगत छलफल सकिएपछि सम्बन्धित मन्त्रालयका बारेमा उठेका प्रश्नहरूको मन्त्रीहरूले जवाफ दिनुभएको हो । विनियोजन विधियेकमाथिको छलफल र जवाफको क्रम सकिएपछि बजेट पासको प्रक्रिया अगाडि बढ्नेछ।



## शिक्षक तथा ल्याव सहायक आवश्यकता

**प्रकाशित मितिः २०८०/०३/१९ गते**

**यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०३/१७ गतेका दिन बसेको निर्णय अनुसार निजी स्रोतबाट तलब भत्ता पाउने गरी तपसिलका विषय र तहमा अध्यापन कार्य गराउने शिक्षक तथा ल्याब सहायक पद खुल्ला विज्ञापन मार्फत पदपूर्ति गर्ने निर्णय गरेको हुँदा इच्छुक योग्यता पुगेका ४० वर्ष उमेर नकटेका नेपाली नागरिकद्दारा हस्तलिखित निवेदनसहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तपसिलमा उल्लेख गरेअनुसारको कागजातसहित निवेदन दिनका लागि जानकारी गराइन्छ।**

**विज्ञापन नं.** ०१/०८०/०८१

**तपसिल**

| क्र.स. | पद | तह | संख्या | योग्यता/अनुभव | आवश्यक दस्तुर |
|---|---|---|---|---|---|
| १. | अङ्ग्रेजी शिक्षक (आंशिक करार) | माध्यमिक (११/१२) | १ | अंग्रेजी मूल विषय लिई कम्तिमा द्धितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । | १०००/- |
| २. | नेपाली शिक्षक (आंशिक करार) | माध्यमिक (११/१२) | १ | नेपाली मूल विषय लिई कम्तिमा द्धितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । | १०००/- |
| ३. | लेखाशास्त्र तथा व्यवसायिक अध्ययन शिक्षक (आंशिक करार) | माध्यमिक (११/१२) | १ | लेखाशास्त्र/वित्तशास्त्र मूल विषय लिई व्यवस्थपन सङ्कायबाट कम्तिमा द्धितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । | १०००/- |
| ४. | रसायनशास्त्र शिक्षक (आंशिक करार) | माध्यमिक (११/१२) | १ | रसायनशास्त्र विषयमा कम्तिमा द्धितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । | १०००/- |
| ५. | ल्याव सहायक (करार) | माध्यमिक (११/१२) | १ | विज्ञान विषय मूल विषय लिई द्धितीय श्रेणीमा दस जोड दुई वा सो सरह तह उत्तीर्ण । | ५००/- |

**परीक्षाको किसिमः** लिखित, कक्षा अवलोकन र अर्न्तवार्ता
**दरखास्त दिने अन्तिमः** मिति २०८०/०४/०२ गते, मंगलबार दिउँसो ३:०० बजेसम्म
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३) अनुभवका प्रमाणपत्रको प्रतिलिपि
४) एक प्रति पासपोर्ट साइजको फोटो
**सम्पर्क मिति** : २०८०/०४/०३ गते, बुधबार
**परीक्षा मिति** : सम्पर्क मितिको दिन तोकिने छ
**सेवा सुविधाः** विद्यालयको नियमानुसार हुनेछ।

**थप जानकारीका लागिः**
**श्री भद्रकाली माध्यमिक विद्यालय**
कुँडहर, पोखरा-१३, कास्की
सम्पर्कः ०६१-५८३७८७, ५२०४९८

# ‘पोखरेली पर्यटन विकास गर्न विदेशी उडान गरौं, कोरला नाका खोलौं’

पोखरापत्र संवाददाता
पोखरा, १९ असार



कोरोना भाइरस संक्रमण देखिएपछि प्रभावित बनेको पर्यटन क्षेत्र पहिलेकै अवस्थामा फर्किसकेको छैन । संकट टरेपछि अहिले नयाँ लगानी गर्ने क्रम पनि चलिरहको छ । तर, पर्यटन क्षेत्र कसरी अघि बढ्छ र यसको दीगोपनबारे अर्को प्रश्न पनि छ ।

पर्यटन क्षेत्रमा केन्द्रीत रहेर आर्थिक आवाजले दीगो पर्यटन र विकास विषयमा आइतबार पोखरामा अन्तर्क्रिया गरेको छ । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापाले पाहुनालाई गर्ने व्यवहार जति राम्रो हुन्छ त्यसले पर्यटकमार्फत सकारात्मक सन्देश प्रवाह भएर पर्यटन क्षेत्रको विकासमा भूमिका खेल्ने बताए । व्यवसायीले सेवा र वस्तुको मूल्य नेपाली र विदेशीलाई धेरै फरक गर्न नहुने उनको भनाइ थियो ।

नीति तथा योजना आयोग, गण्डकीका उपाध्यक्ष डा. कृष्ण देवकोटाले अहिले फेवाताल घुम्ने नीति अनुसार ‘राउन्ड फेवा, भिउ फेवा’ अवधारणा ल्याइएको बताए । यसले पर्यटकको बसाईं पोखरामा लम्ब्याउन मद्दत पुग्ने उनले विश्वास व्यक्त गरे । प्रदेशको दोस्रो पञ्चवर्षीय योजना बनाउँदा पर्यटन क्षेत्रको गुरुयोजना बनाएर त्यसैअनुसार योजनामा समावेश गर्ने डा. देवकोटाले बताए ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने विषयमा प्रधानमन्त्री सकारात्मक रहेको र पर्यटन सचिवबाट पनि सकारात्मक प्रतिक्रिया आएको बताए । पर्यटकीय राजधानी घोषणा भएपछि लगानी बढाउनुपर्ने र पूर्वाधार थप्नेतिर व्यवसायीले पनि सोच्न आवश्यक रहेको उनले बताए । ‘पोखराको खास गुरुयोजना अझै बनिसकेको छैन । पोखराको विकास र पर्यटनको गुरुयोजना बनाउने काम भइरहेको छ,’ उनले भने । उनले लेकसाइडलाई आवसीय क्षेत्र नभई व्यावसायिक क्षेत्र बनाउनेतर्फ व्यवसायीले पनि सोच्न आवश्यक रहेकोमा जोड दिए । ‘लेकसाइडमा हल्ला भएर सुत्न पाइएन भन्ने पनि सुनिन्छ । लेकसाइडलाई सुत्ने ठाउँ होइन, व्यावसायिक क्षेत्र हो भन्ने बनाऔं,’ उनले भने । एसियाली विकास बैंक, कोयकालगायत संस्थासँग मिलेर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइडसम्म आउन वैकल्पिक मार्ग विकास र यातायात क्षेत्रको सुधारसम्बन्धी कामको थालनी भएको मेयर आचार्यले जानकारी दिए । पोखरा विमानस्थल-फलेपाटन-वन विज्ञान अध्ययन संस्थान पोखरा-बिरौटा हुँदै लेकसाइडसम्म पुग्ने गरेर साढे पाँच किलोमिटर दूरीको वैकल्पिक मार्ग विकासको योजना रहेको उनले सुनाए । पोखराका अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले पोखरेली पर्यटन क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशबाट उडान गर्ने वातावरण सरकारले गर्नुपर्ने बताए । ‘विमानस्थल पनि नाफामा चलाउने वातावरण बनाउनुपर्छ । छिमेकी देशको ग्रीन सिग्नल नहुँदासम्म हुँदैन । यसका लागि सरकारले गोभर्मेन्ट टु गोभर्मेन्ट (जी टु जी) वार्ता गर्न आवश्यक छ,’ उनले भने । भारतबाट सिधा उडान हुन सके र कोरला नाका खोल्न सके पोखरेली पर्यटन क्षेत्रको विकास हुने बताए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले व्यवसायीको तर्फबाट आफूहरुले अहिले पोखरा-बंगलादेश उडान गर्न पहल गरिरहेको जानकारी दिए । ‘व्यवसायीले पहल गरेकोमा त्यहाँका विमान कम्पनी खुसी छन् । तर, यसका लागि सरकारले गोभर्मेन्ट टु गोभर्मेन्ट (जी टु जी) पहल गर्नुपर्छ,’ उनले भने ।

होटल व्यवसायी पुष्पराज अधिकारीले होमस्टेलाई सरकारले लगानी गर्नु अनुत्पादक भएको जिकिर गरे । उनले होमस्टेमा खर्च गर्नेभन्दा ठूलो खर्च गर्ने क्षमताका पर्यटक नेपाल भित्र्याउने वातावरण सरकारले बनाउनुपर्ने बताए । उनले भविष्यको पोखरा कल्पना गरेर अहिल्यै त्यसैअनुसारको पूर्वाधार विकासको तयारी थालिनुपर्नेमा जोड दिए । ‘पछि मेट्रो फ्लाइओभर कहाँ राख्ने भन्ने अहिले नै सोचौं,’ उनले थपे, ‘हामी फूल फुलाउन जोड गरौं मौरी पाल्न होइन । मौरी आफैं आउँछ । महत्वकांक्षा पालौं ।’

गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआइजी) बुद्धिराज गुरुङले शान्ति सुरक्षा कायम गर्दा व्यवसायीलाई अप्ठेरो परे पनि त्यसलाई अन्यथा नलिन आग्रह गरे । कानुन कार्यान्वयनमा व्यवसायी पनि इमानदार भएर सहयोग गर्नुपर्ने उनको भनाइ थियो । अग्रज पर्यटन व्यवसायी लक्की क्षेत्रीले पर्यटनमा महिला सहभागिता बढाउनुपर्नेमा जोड दिइन् । नेपाल पर्यटन बोर्डका पूर्व सदस्य बासु त्रिपाठीले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र प्रस्तुत गर्दै उनले पर्यटन क्षेत्रलाई दीगो बनाइराख्न नयाँनयाँ गन्तव्यको खोजी र विकास भइरहनुपर्ने बताए । ‘एउटा ट्रेकिङ रुट यो वर्ष बन्यो भने अर्को वर्ष नजिकैसम्म सडक पुग्छ । पर्यटक बस्ने, घुम्ने र धेरैभन्दा धेरै खर्च गर्ने अवस्था नभएपछि पर्यटन क्षेत्र दीगो हुँदैन,’ उनले भने । रक क्लाइम्बिङ, हनी हन्टिङ पर्यटकलाई देखाएर त्यसलाई पर्यटन क्षेत्रको नयाँ आयाम बनाउन सकिने त्रिपाठीको भनाइ थियो ।




कृषिजन्य यन्त्रबारे जानकारी दिँदै देव : पोखरास्थित गण्डकी विश्वविद्यालयद्वारा सञ्चालित अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रमा निर्मित रुखका पातबाट प्लेट बनाउने यन्त्रबारे जानकारी दिँदै इन्जिनियर रितेश देव । केन्द्रले विभिन्न कृषिजन्य उपकरण तथा औजार उत्पादन गरेको छ । तस्बिर : रामबहादुर थापा/रासस

# तिन दिने गण्डकी प्रदेशस्तरीय तेक्वान्दो प्रशिक्षक प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १९ असार



गण्डकी प्रदेश सरकार प्रदेश खेलकूद परिषद्, गण्डकीद्धारा आयोजित एवं नेपाल तेक्वान्दो संघ गण्डकीको व्यवस्थापनमा तिन दिने गण्डकी प्रदेशस्तरीय तेक्वान्दो प्रशिक्षक प्रशिक्षण आज पोखरा रंगशालामा एक कार्यक्रमका बिच सम्पन्न भएको छ ।

तालिमको समापनमा प्रमुख अतिथि प्रदेश खेलकूद परिषद्का सदस्य सचिव श्रीधर शर्माले खेलकूदका प्रतियोगितालाई वृद्धि गरी अति शुष्म तवरबाट हरेक क्षेत्रमा फैलाउने उद्धेश्य रहेको बताउनुभयो । प्रदेश खेलकूद परिषद्ले जुनियर प्रतियोगिता संचालनको लागि मात्र ७५ लाख बराबारको वजेट विनियोजन गरेकोहुनालेयोक्षेत्रमाखेलकूदका गतिविधिहरुलाई अझै तिव्र प्रतिस्पर्धी बनाएर लैजाने उहाँले जानकारी दिनुभयो ।

नेपाल तेक्वान्दो संघ गण्डकीका अध्यक्ष जगन बहादुर गुरुङले प्रशिक्षणमा सिकाइएको ज्ञानलाई व्यवहारिक रुपमा उतार्न सकेमा मात्र अपेक्षाकृत सफलता प्राप्त हुने बताउनुभयो ।

कोरियन प्रशिक्षक योङदल कोनको प्रशिक्षणमा भएको यस तालिममा ७ वटा जिल्लाका ४३ जना प्रशिक्षकहरुले सहभागिता जनाएका थिए । सो तालिमा सहभागी प्रशिक्षकहरुलाई सदस्य सचिव शर्मा, कार्यकारी सदस्य ऋषिराम गौतम नेपाल तेक्वान्दो संघका केन्द्रिय उपाध्यक्ष हरेश्वर पोख्रेल, गण्डकीका अध्यक्ष गुरुङ, कोषाध्यक्ष माइकल कर्मचार्य, महासचिव रमेश पौडेल, क्षेत्रीय खेलकूद बिकासका निर्देशक कृष्ण निम्सिना लगायतले प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

# वडा कार्यालयमा तालाबन्दी, सेवाग्राही समस्यामा

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ को कार्यालयमा तालाबन्दी गरिएको छ ।

सोही वडाका वडाध्यक्ष रामबहादुर गुरुङले उपभोक्ता समितिका अध्यक्षमाथि कुटपिट गरेको भन्दै नेकपा (एमाले) ले वडा कार्यालयमा मंगलबार बिहानदेखि तालाबन्दी गरेको थियो । तालाबन्दीका कारण सेवाग्राही समस्यामा परेका छन् । असार मसान्तमा योजनाको भुक्तानी सिफारिसदेखि विभिन्न कामको चाप हुने समयमा तालाबन्दीका कारण सेवाग्राही समस्यामा परेका हुन् । नेकपा( एमाले) वडा कमिटी ८ र ९ ले संयुक्त रुपमा वडामा तालाबन्दी गरेका हुन् । गत असार १६ गते वडाध्यक्ष गुरुङले खोराकोमुख-उपल्लो इदीखोला सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष अमृत भण्डारीलाई कुटपिट गरेको आरोप लागेको छ ।

पीडित भण्डारीले वडाध्यक्षमाथि कानुनी कारबाहीका लागि सोही दिन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुभएको छ । वडाध्यक्षमाथि पीडितले कानुनी कारबाहीका लागि प्रशासनमा उजुरी गरे पनि हालसम्म दोषीलाई कारबाही नभएपछि तालाबन्दी गरिएको नेकपा(एमाले) माछापुच्छ्रे गाउँपालिका कमिटीका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । राज्यशक्तिको आडमा वडाध्यक्षले पटकपटक दुर्व्यवहारका घटना घटाउँदा कारबाही नभएको उहाँको भनाइ छ । वडाध्यक्ष गुरुङले यसअघि गत फागुन दोस्रो साता आफ्नै वडाका कर्मचारीमाथि हातपात गरेको आरोप लागेको थियो । अध्यक्ष गुरुङले भन्नुभयो, “कुटपिटपछि प्रहरीमा निवेदन दिँदासमेत प्रहरीले जाहेरी लिन मानेनन् । दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याएर सुरक्षाको प्रत्याभूति नहुँदासम्म तालाबन्दी खुल्दैन ।” वडाध्यक्ष गुरुङले भने सामान्य भनाभन भएको विषयलाई राजनीतिकरण गरेर उचालिएको बताउनुभयो । आफूले सडक योजनाको काममा ढिलाइ भएपछि चासो दिए पनि कुटपिट नगरेको उहाँको दाबी छ । उहाँले भन्नुभयो, “आर्थिक वर्षको अन्त्यसम्म पनि काम नसकिने देखेपछि चासो दिएको पक्कै हो । बारम्बार ताकेता गर्दा पनि काम भएन । पछि बाहिर सुन्दा आफ्नो मनखुसीले अर्कोलाई ठेक्का दिएको सुने । के भएको भनेर सोधपुछ गरेको हो, कुटपिट गरेको छैन ।”


पीडित भण्डारीले आफू टिपर बनाउन वर्कसपमा रहेका बेला वडाध्यक्ष गुरुङले किन काम समयमै सम्पन्न नगरेको भन्दै एक्कासी हातपात गरेको बताउनुभयो । आफ्नो ज्यानको असुरक्षा भएकाले आफूले निर्माणस्थलमा पुगेर काम गर्ने वातावरण नभएको उहाँको भनाइ छ ।

# गोरखामा धनसार भत्किँदा दुईको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, १९ असार

गोरखाको गण्डकी गाउँपालिका-४ पाटापाटीमा आज बिहान धनसार भत्किएर मुत्यु हुनेको सङ्ख्या दुई पुगेको छ ।

बिहान स्थानीय जगतबहादुर बरामको बनाउँदै गरेको धनसार भत्किएर गम्भीर घाइते हुनुभएका ६५ वर्षीय रामकृष्ण बरामको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो । गम्भीर घाइते हुनुभएका बरामको काठमाडौँको ट्रमा सेन्टरमा उपचारका क्रममा आज साँझ मृत्यु भएको उहाँले बताउनुभयो । मृतक रामकृष्ण धनसार बनाउनका लागि जगबहादुरको घरमा मेला आउनुभएको थियो । दुर्घटनामा घरधनी जगतबहादुरकी श्रीमती ४५ वर्षीया मीना बरामको भने घटनास्थलमा नै मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका दुई जनाको अवस्था भने सामान्य रहेको उहाँले बताउनुभयो । घाइते हुनेमा मृतक मीनाका श्रीमान् ४५ वर्षीय जगतबहादुर बराम, २१ वर्षीय छोरा सुजन बराम रहनुभएको प्रनाउ श्रेष्ठले जानकारी दिनुभयो । घटनाको जानकारी पाएलगत्तै ताङ्लीचोक प्रहरीचौकीबाट प्रहरीको टोली घटनास्थलमा पुगेर घाइतेको उद्धार गरेको थियो । घटनाको थप अनुसन्धान सुरु गरिएको प्रनाउ श्रेष्ठले जानकारी दिनुभयो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एँगेल्स

## सम्पादकीय

# राष्ट्रपति पौडेलले ढाँटे

राष्ट्रपति रामचन्द्र पौडेलले बैशाख ६ गतेदेखि १७ गतेसम्म भारतमा उपचार गर्दा लागेको खर्च आफैंले व्यहोर्न चाहेको वताएका थिए । राष्ट्रपतिका प्रेस संयोजक खिला कार्कीले प्रेस नोट निकालेर उपचार खर्च व्यहोर्न चाहेको जनाएका थिए । राज्यकोषबाट उपचार खर्च नलिने बताएपछि जनतामा प्रशंसा पाएका राष्ट्रपति पौडेलको भनाइ झुटो सावित भएको छ । जनताको आँखामा छारो हाल्न विज्ञप्ति निकाल्ने राष्ट्रपति पौडेलले उपचार खर्चका लागि ताकेता गरेको परराष्ट्र मन्त्रालयको पत्रले स्पष्ट पार्दछ।नेपाली उखान ढाँटेको काँटे मिल्दैन भन्ने राष्ट्रपतिका भनाइ र गराईमा देखिएको भिन्नताले छर्लङ्ग भएको छ। भारतको दिल्लीमा उपचार गर्दा भएको खर्च निकासाका लागि परराष्ट्र मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्राचार गरेको छ ।

राष्ट्रपति पौडेललाई गत वैशाख ६ गते दिल्लीस्थित अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्स (एम्स) अस्पतालमा उपचारका लागि लगिएको थियो । श्री एयरलाईन्सको चार्टर एयर एम्बुलेन्सको उडान मार्फत भारतको नयाँ दिल्लीमा उपचार गर्न लगिएपछि अनेक प्रश्न उठेका थिए । नेपालमै उपचार हुने अवस्था रहँदा भारतमा लैजानुपर्ने कारण जनतालाई बताइएको थिएन ।भारत लानुको कारण नबताएको सरकार र राष्ट्रपति कार्यालयले अहिले उपचार खर्चको लागि भुक्तानी माग्नु राज्यकोषको दुरुपयोग हो ।जनतामाथिको बेइमानी हो । अर्थ मन्त्रालयले असार ११ गते स्वास्थ्य उपचार लगायतको खर्चका लागि प्रचलित कानुन तथा स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी ५५ लाख ४ हजार ६ सय ५४ को सहमति दिएको थियो । सोही सहमति अनुसार परराष्ट्रले राष्ट्रपतिको उपचारका लागि भएको यथार्थ खर्चको विल भरपाई बमोजिमको रकम भुक्तानी दिने प्रयोजनका लागि निकासा गरिदिन अर्थलाई नै पत्राचार गरेको छ ।

परराष्ट्रका अनुसार राष्ट्रपति पौडेलको उपचारका लागि भएको कूल खर्चमध्येको ५५ लाख दुई हजार दुई सय ७९ रुपैयाँको विल भरपाई अर्थमा पेस गरिएको थियो । परराष्ट्रका उपसचिव भेष प्रसाद भुर्तेलद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ,‘यथार्थ खर्चको बिल भरपाई बमोजिमको रकम सम्बन्धितलाई भुक्तानी दिने प्रयोजनका लागि ५५ लाख दुई हजार दुई सय ७९ रुपैयाँ निकासा गरिदिन अनुरोध छ ।’ नेपाली काङ्ग्रेसका महामन्त्री गगन थापाले राष्ट्रपतिले विदेशमा गरेको उपचार खर्च व्यक्तिले तिर्नुपर्ने बताएका थिए ।अहिले उपचार खर्चको यथार्थ विल भर्पाई पेश गरेर भुक्तानीका लागि परराष्ट्रले पत्राचार गर्दा प्रतिक्रिया कस्तो आउँछ हेर्न बाँकी छ ।

स्वदेशमा उपचार नगरी विदेश गएको भनी कतिपयले राष्ट्रपति पौडेलको आलोचना गरिरहेका बेला उनी आफैँले उपचार खर्च बेहोर्ने घोषणा गरेर प्रशंसा कमाएका थिए । तर उनै राष्ट्रपति पौडेलले दिल्लीमा गरेको उपचार खर्च आफैं ब्यहोर्ने कुरा उनको इच्छामै सीमित भएको छ । सर्वसाधारणबाट पनि प्रशंसा पाएको उक्त घोषणाविपरीत दिल्लीमा राष्ट्रपतिको उपचार गराउँदा लागेको खर्च माग्दै बिलसमेत अर्थ मन्त्रालयमा पुगेको छ । परराष्ट्र मन्त्रालयले राष्ट्रपति पौडेलको उपचार खर्चवापतको बिलअनुसार ५५ लाख २ हजार २७९ रुपैयाँ रकम माग्दै सोमबार अर्थ मन्त्रालयमा पत्र पठाएको छ । नेपालका नेता जे बोल्छन् त्यो गर्दैनन् ।जे गर्छन् त्यो बोल्दैनन् भन्ने राष्ट्रपति रामचन्द्र पौडेलले चरितार्थ गरिदिएका छन । राष्ट्रको अहित गर्ने र ढाँट्ने व्यक्ति राष्ट्रको उच्चासानमा बस्न सुहाउँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय क्रिकेटको च्याम्पियन

**रासस**
काठमाडौं, १९ असार

नेपालले एसिसी यू-१६ पूर्वी क्षेत्रिय कप क्रिकेटको च्याम्पियन बनेको छ ।

नेपालले फाइनल खेलमा मलेसियालाई दुई सय २१ रनले हराउँदै उपाधि जितेको हो । नेपालले लगातार तेस्रो पटक उक्त उपाधि जितेको हो । नेपालले यसअघि सन् २०१७ मा सिङ्गापुरलाई तथा सन् २०१९ मा मलेसियालाई हराउँदै उपाधि जितेको थियो । मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्दै नेपालले निर्धारित ३५ ओभरमा आठ विकेटको क्षतिमा दुई सय ५२ रन बनायो । दुई सय ५३ रनको विजयी लक्ष्य पछ्याउने क्रममा मलेसियाको पारी १४ दशमलव पाँच ओभरमा ३१ रनमै समेटियो । मलेसियाका लागि मोहम्मद अक्रमले १० रनाए । अन्य खेलाडीले दोहरो अङ्कको रन बटुल्न सकेनन् । बलिङतर्फ नेपालका लागि कप्तान अभिषेक तिवारीले ६ ओभरमा एक मेडन राख्दै सात रन दिएर पाँच विकेट लिए । यस्तै सन्तोष यादवले तीन तथा सागर गैरेले एक विकेट लिए ।

यसअघि ब्याटिङ गर्ने क्रममा नेपालका लागि नरेन भट्टले शतकीय पारी खेले । उनले ८९ बल खेल्दै दुई छक्का र १० चौकाको मद्दतमा अविजित एक सय १२ रन बनाए । यस्तै नीरज यादवले ४७, सुर्यांशु कोइरालाले १८, सन्तोष यादवले २६ र अशोक धामीले ११ रन बनाए ।

बलिङतर्फ मलेसियाका मोहम्मद अक्रमले तीन तथा आरिन एक्विल र मुहम्मद फदुल मुइनले एक/एक विकेट लिए । सोमबार नेपालले सिङ्गापुरलाई तथा मलेसियाले हङकङलाई हराउँदै फाइनलमा स्थान बनाएका थिए । प्रतियोगितामा नेपालसँगै मलेसिया, सिङ्गापुर, हङकङ, मालदिभ्स, इन्डोनेसिया र थाइलैण्ड सहभागी थिए ।

# ललिता निवास प्रकरणका आरोपीमाथि संगठित अपराधको पनि कसुर जोडियो

**रासस**
काठमाडौं, १९ असार

ललिता निवासको जग्गा हिनामिना प्रकरणमा मुछिएका आरोपीमाथि प्रहरीले किर्तेसँगै सङ्गठित अपराध कसुरमा पनि अनुसन्धान अघि बढाएको छ ।

यसअघि किर्ते कसुरमा अनुसन्धानका लागि म्याद लिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले आजदेखि भने सङ्गठित अपराध कसुरमा सात दिनको म्याद लिएर अनुसन्धान थालेको सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार उनीहरूको म्याद थप सँगै यसअघि सर्वोच्चबाट स्टे अडर लिएर बसेका १७ जनाको विषयमा पनि महान्यायाधिवक्ताको कार्यालयमार्फत भ्याकेट निवेदन दिइएको छ । उनीहरूले थुना बाहिरै राखेर अनुसन्धान गर्ने गरी अन्तरिक आदेश पाएकाले त्यसको खारेजीको माग गरिएको छ । उक्त घटनामा प्रहरीले अहिलेसम्म नौ जनालाई पक्राउ गरिसकेको छ । पक्राउ पर्नेमा तत्कालीन नायब सुब्बा रमेशकुमार पोखरेल र देवनारायण महर्जन, तत्कालीन वडासचिव शिवजी भण्डारी, नापी सर्वेक्षक घमनकुमार कार्की र मोही बाबुराम महर्जन, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, तत्कालीन मालपोत कर्मचारी धर्मप्रसाद गौतम र गोपाल कार्की रहेका छन् । आरोपीमध्यका तीन बन्दी प्रत्यक्षीकरणको रिट लिएर पनि सर्वोच्चमा पुगेका छन् । त्यसको पनि आदेश आउन बाँकी नै छ ।

विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेपछि उक्त प्रकरणमा सिआइबीले अनुसन्धान गरिरहेको छ । यसअघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्युरोले जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ मा ठकुरी समाज भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ठकुरी समाज भवन निर्माण
ठेगानाः पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२५ गते
योजना सुरु मिति : २०८०/०२/२६ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१९ गते
योजनाको कुल लागत : रु १३,९५,४९८/३१
महानगरपालिका बाट : रु १२,४६,०००/-
जनश्रमदान : रु १,४९,४९८/३१
उपभोक्ता समिति अध्यक्षः गोपि बहादुर थापा

**ठकुरी समाज भवन निर्माण उपभोक्ता समिति**
**पोखरा-२१, कास्की**


# तनहुँमा व्यावसायिक एभोकाडोको खेती

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ असार

एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिकामा ‘घ्यू फल’ भनेर चिनिने एभोकाडोको खेती सुरु गरिएको छ । आँबुखैरेनी-२ मा ७५ प्रतिशत अनुदानमा एक हजार आठ सय ४० वटा एभोकाडोको बिरुवा तथा सामग्री वितरण गरिएको हो ।

उक्त बिरुवा रोपेको तेस्रो वर्षबाट उत्पादन दिन सुरु हुने र मूल्य पनि राम्रो पाइने भएकाले यस खेतीलाई प्राथमिकता दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

फलफूल क्षेत्र विकास कार्यक्रमअन्तर्गत तनहुँमा पनि एभोकाडो खेतीलाई समावेश गरी गत वर्षदेखि यसको बिरुवा उत्पादन गरेर खेती सुरुआत गरिएको हो । समुन्द्री सतहबाट दुई सय सयदेखि एक हजार छ सय मिटर उचाइमा यसको खेती गर्न सकिने कृषि ज्ञानकेन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । तनहुँमा पाँच हेक्टर जमिनमा बिरुवा लगाएर खेती सुरुआत गरिएको र यस वर्ष अझै विस्तार गर्दै लैजाने योजना रहेको छ । तिवारीका अनुसार गत वर्ष केन्द्र आफैँले दुई हजार बिरुवा उत्पादन गरेर र बाहिरबाट थप दुई हजार बिरुवा मगाएर चार हजार बिरुवा कृषकलाई वितरण गरेको थियो । यस वर्ष पाँच हजार बिरुवा वितरण गर्ने योजना रहेको छ । कृषकलाई ७५ प्रतिशत अनुदानमा प्रतिबिरुवा रु २५ मा वितरण गरिएको हो ।

पहाडी भूगोलमा हुने एभोकाडोको खेती गर्न सकिने केन्द्रले जनाएको छ । तिवारीले भन्नुभयो, “यो खेती तराईदेखि पहाडसम्म गर्न सकिन्छ कागती तथा केरा हुने स्थानमा यसको खेती राम्रो हुन्छ ।” एभोकाडो खेती गरेर बाँझो जमिनको सदुपयोग गर्न सकिन्छ । प्रशस्त भिटामिन, प्रोटिन र चिल्लो पदार्थ पाइने भएकाले एभोकाडो उच्च रक्तचाप, मधुमेह र मुटु रोगका बिरामीका लागि अति नै लाभादायक मानिन्छ । एभोकाडो म्याग्दीमा भित्रिएको नयाँ जातको फलफूल हो । नेपालमा मेक्सिकन, ग्वाटेमिलन र भारतीय जातको एभोकाडो खेती गरिने छ । एभोकाडो मेक्सिको र अमेरिकामा उत्पत्ति भएको विश्वास गरिन्छ । धनकुटाको पाख्रिबासमा २०२५ सालमा फल खान ल्याएको दानाको बियाँ उम्रिएपछि विस्तार भएको पाइन्छ । यो फलको थोकमा प्रतिकिलो रु दुई सय र फुटकर रु तीन सय ५० देखि रु चार सयसम्म मूल्य पर्दछ । यसको जुस बनाएरसमेत उपभोग गर्न सकिन्छ ।

ठूला होटल, पर्यटक, विदेशबाट आएका र सहर बजारका बासिन्दाले प्रायः एभोकाडोलाई मुख्य फलका रूपमा उपभोग गर्ने गर्दछन् । कात्तिक महिनामा टिप्न सुरु गरिने एभोकाडोको फल फागुनसम्म बोटमा राख्न सकिन्छ । कलमी र बिजु दुई विधिबाट यसको बिरुवा उत्पादन गर्न सकिने केन्द्रले जनाएको छ ।


## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा लमजुङ जिल्ला साविक प्यारजुङ गा.वि.स. वडा नं. ०१, हालको राइनास नगर पालिका वडा नं. १० निवासी भारतीय सेना भू.पू. सैनिक नं. जे.सी. ८४१०१८ एम. सुवेदार डि.एस.सी.का दुर्गामान घर्तीको पेन्सन डकुमेन्टमा श्रीमतीको नामथर विष्णु देवी, जन्ममिति वि.सं. २०२१।३।१८ (इ.सं.१-७-१९६४) भएको र निजको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर विष्णु माया गुरुङ भन्ने विष्णु देवी, जन्ममिति वि.सं. २०१९।१०।०५ (इ.सं.१८-१-१९६३) उल्लेख भई फरक परेतापनि उक्त दुवै नामथर र जन्ममिति भएको व्यक्ति अलग अलग नभई एउटै व्यक्ति भएको व्यहोरा खुलाई सिफारिस गरी पाउँ भनी दुर्गामान घर्तीको निवेदन र राइनास नगरपालिका, १० वडा कार्यालयको च.नं. ३५ मिति २०७४।०२।२८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/१८

यस कार्यालयमा मिति २०७७/१२/०४ मा कास्की जिल्ला पोखरा १३ मा संचालन गर्ने गरि पोखरा १३ कास्की निवासी ठानाराज बरालको नाममा दर्ता भएको उद्योग दर्ता नं. १९९५३/०७७/०७८(२८७८)को बिहानराज पोल्ट्री तथा कृषि फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ९ नयाँबजारदेखि माछापुच्छ्रे बैंक, जिल्ला ट्राफिक प्रहरी कार्यालय हुँदै साहारा टोल जाने नाला सहित सडक ढलान बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : नयाँबजारदेखि माछापुच्छ्रे बैंक, जिल्ला ट्राफिक प्रहरी कार्यालय हुँदै साहारा टोल जाने नाला सहित सडक ढलान बाटो निर्माण
**उपभोक्ता समिति**: नयाँबजारदेखि माछापुच्छ्रे बैंक, जिल्ला ट्राफिक प्रहरी कार्यालय हुँदै साहारा टोल जाने नाला सहित सडक ढलान बाटो निर्माण उपभोक्ता समिति, पोखरा-९, कास्की
**योजना सम्झौता मिति**: २०७९/१०/१६ गते
**योजना सुरु मिति** : २०७९/१०/१७ गते
**योजना सम्पन्न हुने मिति** : २०८० वैशाख मसान्त
**योजना सम्पन्न गर्न थप गरेको मिति** : २०८०/३/१० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०४ गते
**महानगरपालिकाबाट** : रु. ६०,००,०००/-
**जनसहभागिता** : रु.१०,५८,८२३/-
**जम्मा लागत** : रु.७०,५८,८२३/६९

| उपभोक्ता समिति | अनुगमन समिति |
|---|---|
| **अध्यक्ष** : उत्तम जोशी | संयोजक : श्री लक्ष्मी पहारी (वडा सदस्य पो.म.न.पा.-९) |
| **उपाध्यक्ष** : रत्नबहादुर विक | सदस्य : कमल बहादुर श्रेष्ठ |
| **सचिव**: लक्ष्मीदेवी सुनार | सदस्य : प्र.ब.नि. श्री प्रविण आचार्य |
| **सहसचिव**: आशा श्रेष्ठ | सदस्य : श्री कुमार श्रेष्ठ |
| **कोषाध्यक्ष**: कमलबहादुर सापकोटा | सदस्य : श्री राजकुमार सुवेदी |



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं -१० स्थित रामघाट क्षेत्रमा आ.व. ०७९/८० मा श्री मुक्तिनाथ सन्तसेवाश्रम भवन मर्मत कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मुक्तिनाथ सन्तसेवाश्रम भवन मर्मत
ठेगानाः पोखरा-१०, रामघाट, कास्की
योजना सम्झौता मिति : २०७९/१२/२१ गते
योजना सरु हुने मितिः २०७९/१२/२२ गते
योजना सम्पन्न मितिः २०८०/०३/३१ गते
योजनाको कुल लागत : रु. ५०,०२,२५७.९६/-
महानगरपालिकाबाट : रु. ४५,००,०००/-
जनसहभागिताः रु. ५,०२,२५७.९६/-
उपभोक्ता समिति अध्यक्षः महेश पराजुली मो. ९८५६०२१७५५
सचिवः कुमार क्षेत्री, कोषाध्यक्षः उर्मिला के.सी.बस्नेत
समितिः सदस्य ७ जना, महिलाः ४ जना, पुरुषः ३ जना

**मुक्तिनाथ सन्तसेवाश्रम भवन मर्मत**
**उपभोक्ता समिति पोखरा-१०, कास्की**

# सामुदायिक वनमा अतिस र खिरौला खेती

पोखरापत्र संवाददाता
म्याग्दी, १९ असार

म्याग्दीको उच्च लेकाली क्षेत्र गुर्जाको सामुदायिक वनमा अतिस र खिरौला जातको जडीबुटी खेती सुरु गरिएको छ।

सामुदायिक वनको १० रोपनी जमिनमा पहिलो पटक परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि अहिले एक लाख ३५ हजार अतिस र खिरौला जातका बिरुवा रोपेर खेती विस्तार गरिएको पिउथिवा सामुदायिक वन उपभोक्ता समूहले गुर्जा नाइलीवाङका अध्यक्ष तुलसी छन्त्यालले जानकारी दिनुभयो । डिभिजन वन कार्यालयको सहयोगमा समूहमा आवद्ध २५ जनाले सामूहिक रूपमा श्रमदान गरेर बाँझो जमिन खनजोत गरेर बिरुवा रोपेको उहाँले बताउनुभयो। जडीबुटीको संरक्षणका लागि स्थानीय प्रविधिको प्रयोग गरेर ढुङ्गाको एक सय पाँच मिटर लामो पर्खाल निर्माण गरिएको छ।

डिभिजन वन कार्यालयका सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले चालु आर्थिक वर्ष २०७९/८० मा जडीबुटी खेतीका लागि रु चार लाख असी हजार सहयोग गरेको बताउनुभयो। "उपभोक्ताले कूल लागतको दश प्रतिशत लागत साझेदारी गरेका छन्", उहाँले भन्नुभयो- "प्राकृतिक रूपमा रहेका जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रममार्फत सहयोग गरिएको हो।" यसअघि परीक्षणका लागि गरिएको जडीबुटी खेती सफल भएपछि व्यावसायिक खेती विस्तार भएको हो ।"यसअघि गरिएको खेती सफल भयो। यहाँको भूगोल र हावापानी जडीबुटी खेतीका लागि अनुकूल छ" उहाँले भन्नुभयो "बाँझिएको खेतीयोग्य जमिनको संरक्षण र सदुपयोग पनि भएको छ।" वसं २०७७ मा सात हजार बिसजरा जातको जडीबुटीका बिरुवा रोपेका थिए। २०७८ सालमा हिमाली कृषि सहकारी संस्थामा आवद्ध किसानले दुई रोपनी जग्गामा अतिसका बिरुवा रोपेका थिए। बजारमा अतिस, खिरौला र बिसजराको माग उच्च छ। धौलागिरी गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बाँझिएको खेतीयोग्य जमिनको सदुपयोग, संरक्षण र स्थानीयवासीको आयआर्जन सुधारका लागि जडीबुटी खेती विस्तार गरिएको बताउनुभयो। समुद्री सतहदेखि तीन हजार दुई सयदेखि तीन हजार सात सय मिटरको भूगोलमा हुने अतिस कफ, पित्त थैली, ज्वरो, वान्ता हुने, पखला लाग्ने, चिसो लागेकोलगायत समस्या समाधानका लागि प्रयोग हुन्छ।

यसले अपच हुने, शरीरको विभिन्न भागको दुखाई, उत्तेजना नहुने, जुकाजस्ता समस्या समाधानको लागि पनि महत्वपूर्ण उपचार पद्दतिको रूपमा अतिस प्रयोग हुन्छ। गुर्जा म्याग्दी जिल्लाकै सबैभन्दा दुर्गम ठाउँ हो। यहाँ अहिलेसम्म सडक सञ्जालले छोएको छैन । यो धवलागिरि-१ मा पर्छ।

# बागलुङ पूर्णखोप सुनिश्चित दिगोपना जिल्ला घोषणा

पोखरापत्र संवाददाता
बागलुङ, १९ असार

बागलुङ जिल्लालाई सोमबार पूर्णखोप सुनिश्चितता दिगोपना जिल्ला घोषणा गरिएको छ।

जिल्लामा सरकारले खोप सेवा पाउनुपर्ने लक्षित बालबालिकाले जन्मेको १५ महिनाको उमेरभित्रै पूर्णखोप लगाई विभिन्न रोगबाट सुरक्षित रहनका लागि पूर्णखोप अभियान कार्यक्रम थालनी गरेको थियो। बालबालिकालाई पूर्णखोपको रूपमा लिन १५ महिनाभित्रै १३ प्रकारका खोप लगाइसक्नुपर्ने व्यवस्थाअनुसार बागलुङ जिल्ला पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाका रूपमा घोषणा गरिएको हो। गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव तथा खोप समन्वय समितिका अध्यक्ष विनोदबिन्दु शर्माले पूर्णखोप जिल्ला घोषणा गर्नुभएको हो। सो अवसरमा उहाँले स्वास्थ्यकर्मीको निरन्तरको मेहनतका कारण बागलुङ पूर्णखोप सुनिश्चिता दिगोपना घोषणा भएको र छिट्टै गण्डकी प्रदेशलाई पूर्णखोप सुनिश्चिता प्रदेश घोषण गरिने जानकारी दिनुभयो । उहाँले गण्डकी प्रदेशको स्वास्थ्य प्रणाली देशमै उत्कृष्ट हुनुमा स्वास्थ्यकर्मीको ठूलो सहयोग रहेको जनाउँदै स्वास्थ्य सेवासँगसँगै स्वास्थ्यकर्मीको व्यवहारसमेत सेवामैत्री हुन आवश्यक रहेको बताउनुभयो।

जनस्वास्थ्य सेवा ऐन, २०७५ मा खोप सेवालाई आधारभूत निःशुल्क स्वास्थ्य सेवाको सूचीमा दर्ता भएसँगै खोप ऐन, २०७२ तथा नियमावली, २०७४ र प्रदेश खोप ऐन, २०७५ ले गुणस्तरीय खोप सेवा सुनिश्चितताका लागि तय गरिएको कानुनी प्रावधानअनुसार बागलुङ जिल्लालाई पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाका रूपमा घोषणा गरिएको जनाइएको छ। पन्ध्र महिनाभित्रै पूर्णखोप नलिएका बालबालिकालाई पाँच वर्षभित्रको उमेरमा खोप लगाइसकेपछि पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाका रूपमा घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो।

"बागलुङ जिल्लामा एक सय ८३ खोप केन्द्रबाट प्रत्येक महिना एक सय ९३ खोप सेसनद्वारा निरन्तर खोप कार्यक्रम गरिएको छ। हरेक बालबालिकाले जन्मपश्चात पोख लगाउन पाउनु नैसर्गिक अधिकारको सुनिश्चितता गर्नु तथा गुणस्तरीय र प्रभावकारी खोप सेवा लक्षित वर्गमा पुर्‍याउनु हाम्रो जिम्मेवारी हो", उहाँले भन्नुभयो, "जिल्लामा २०६७ सालबाट पूर्णखोप कार्यक्रम थालनी भएको र २०७५ असार २५ गते पूर्णखोप जिल्ला घोषणा भएको थियो। त्यसको दोस्रोरूपमा जिल्लालाई पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाका रूपमा अहिले घोषणा गरिएको छ।" उहाँका अनुसार घोषणा हुँदा पूर्णखोप पाइसके पनि दिगोपनाको सुनिश्चितता नभए पनि अबदेखि पूर्णखोपमात्रै नभएर पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाको रूपमा घोषणा गरिएको हो।

बागलुङमा गत माघदेखि जिल्लाका १० वटै स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी घर-घरमा गई खोप छुट भएका पाँच वर्षमुनिका बालबालिकाको खोजी गरी भेटिएका बालबालिकालाई खोप लगाउने कार्य भएपछि जिल्लालाई पूर्णखोप सुनिश्चितता दिगोपना जिल्लाका रूपमा घोषणा गरिएको हो । बागलुङ जिल्लाका १० स्थानीय तहका सम्पूर्ण वडा, पालिका पूर्णखोप सुनिश्चतता दिगोपना जिल्ला घोषण गरिएको हो। जिल्लाका चार नगरपालिका र छ गाउँपालिकाको रोहबरमा जिल्लाका जन्मेदेखि १५ महिनासम्मका बालबालिका चार हजार छ सय ७७ र १५ देखि ५९ महिनाका १० हजार तीन सय १८ बालबालिकाले पूर्णखोप प्राप्त गरेपछि बागलुङ पूर्णखोप सुनिश्चिता दिगोपना जिल्लाको रूपमा घोषणा गरिएको हो। तेह्र क्षयरोग, रोटा भाइरसबाट हुने झाडापखला, लहरेखोकी, धनुष्टङ्कार, पोलियो, स्टेपटोकोकस निमोनिया, भ्यागुते रोग, हेपाटाइटिस बी, मेनेन्जाइटिस, दादुरा, रुवेला, जापानिज इन्सेफ्लाइटिस र टाइफाइडको खोप लगाइने गरिएको छ। यी सबै रोगबाट बच्नका लागि पूर्णखोपको आवश्यकता हुने स्वास्थ्यकर्मीको भनाइ छ। पूर्णखोप सुनिश्चिता दिगोपना जिल्ला घोषणा कार्यक्रमलाई दिगोपनामा जोड दिनुपर्ने बागलुङका स्थानीय तहका प्रमुखले प्रतिबद्धता जनाएका थिए।

# नेपाल आयरल्यान्डसँग पराजित

रासस
काठमाडौं, १९ असार

जिम्बावेमा जारी आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिताअन्तर्गत मंगलबार भएको सातौँ स्थानको भिडन्तमा नेपाल टेष्ट राष्ट्र आयरल्यान्डसँग दुई विकेटले पराजित भएको छ।

विभिन्न १० टोली सहभागी उक्त प्रतियोगितामा नेपालले आठौँ स्थानमा रहँदै विश्वकप छनोट यात्रा सकाएको छ । यस जितसँगै आयरल्याण्ड भने सातौँ स्थानमा रहेको छ । जितका लागि नेपालले दिएको दुई सय ६९ रनको विजयी लक्ष्य आयरल्यान्डले ४९ दशमलव दुई ओभरमा आठ विकेट गुमाउँदै पूरा गर्यो । आयरल्यान्डको जितमा कर्टिस क्याम्फरले सर्वाधिक ६२ रनको योगदान दिए। उनले ५९ बलमा ८ चौका र १ छक्कासहित ६२ रन जोडेका हुन। त्यस्तै ह्यारी टेक्टरले ६० रनको योगदान दिए। उनले ७६ बलमा ४ चौका र २ छक्कासहित ६० रन बनाएका हुन्।

यसैगरी जर्ज डोकरेल ४७ बलमा २ चौका र १ छक्कासहित ३३ रनमा क्याच आउट भए। लोर्कान टकरले २२ बलमा २ चौका र १ छक्कासहित २४ रन बनाए। ओपनर एन्डी म्याकब्रिन १७ रनमा आउट भए। कप्तान एन्डी बालबर्नी १ रनमा आउट हुदाँ पल स्टरलिङले १५ रन बनाए। नेपालका करण केसीले सर्वाधिक ४ विकेट लिए भने किशोर महतोले दुई विकेट लिए। सन्दीप लामिछानेले र गुलशन झाले समान एक एक विकेट लिए । त्यसअघि जिम्बावेको हरारेमा रहेको टाकासिंगा स्पोर्ट्स क्लबमा टस हारेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ६८ रनको योगफल तयार गरेको थियो। नेपालका लागि गुलशन झाले सर्वाधिक ५७ रनको योगदान दिए। उनले ४२ बलमा ४ चौका र ३ छक्काको मद्दतमा अविजित ५७ रनको अर्धशतकीय इनिङ खेले। त्यस्तै नेपालका सुरुआती ब्याट्सम्यान अर्जुन साउदले ४८ रन बनाए। उनले ८४ बलमा ३ चौका र २ छक्काको सहयोगमा ४८ रन बनाएका हुन। कुशल मल्लले ३८ बलमा ५ चौका र २ छक्काको सहयोगमा ४४ रन बनाए । त्यस्तै सन्दीप लामिछानले ३० बलमा ३ चौका र १ छक्काको सहयोगमा ३२ रन बनाए भने कप्तान रोहित पौडेलले ३५ बलमा २९ रन जोडे । भीम सार्कीले २० रन बनाए । बलिङतर्फ आयरल्यान्डका मार्क अडिर, ब्यारी म्याकार्थी र क्रिग योङले समान २/२ विकेट झारे भने एन्डि म्याकवर्नी, कुर्टिस क्यामफेर र गारेथ डिलेनीले समान १/१ विकेट लिए।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं -११ रानीपौवा स्थित भिमसेन गणेश मन्दिर जिर्णोद्धार निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भिमसेन गणेश मन्दिर जिर्णोद्धार निर्माण
ठेगानाः पोखरा-११, रानीपौवा, कास्की
योजना सम्झौता मिति : २०८०/०२/०१ गते
योजना सरु हुने मितिः २०८०/०२/०१ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. ५,००,७६९/-
महानगरपालिकाबाट : रु. ४,७४,४२४/-
उपभोक्ता समिति अध्यक्षः ईश्वर प्रसाद कर्माचार्य

**भिमसेन गणेश मन्दिर जिर्णोद्धार उपभोक्ता समिति पोखरा-११, रानीपौवा, कास्की**

# लिफ्टिङमार्फत घरघरमा पानी

रासस
बागलुङ, १९ असार

"एक गाग्री पानी भर्न दुई घण्टा कुर्नुपर्थ्यो, अहिले यो गाउँका सबै घरमा धारा बनेका छन्, हाम्रो वर्षौंदेखिको समस्या समाधान भयो।" बागलुङ नगरपालिका-६ लमगाउँकी अनकली थापा अहिले ५० वर्ष हुनुभयो। उहाँले थाहा पाउने भएदेखि यो गाउँमा खानेपानीको हाहाकार थियो। जिल्ला सदरमुकाम नजिकैको गाउँ भए पनि लमगाउँमा खानेपानीको समस्या वर्षौंदेखि हुँदै आएको थियो । तर यसवर्ष अनकलीलगायत गाउँका एक सय ४४ घरमा धारा बनेपछि स्थानीयवासी हर्षित छन्।

बागलुङ नगरपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा)को लगानीमा अहिले गाउँमा लिफ्टमार्फत खानेपानी वितरण थालिएको छ। लमगाउँमा लिफ्टमार्फत 'एक घर, एक धारा' निर्माणपछि यसै सातादेखि धारामा पानी आउन थालेको छ। धारामा पानी आएपछि अब गाउँलेको दैनिकीमा परिवर्तन आउने अपेक्षा गरेको अनकलीले बताउनुभयो । लामो समयदेखि सरोकारवाला निकायलाई खानेपानीको माग गरे पनि अहिले बल्ल पूरा भएको उहाँ बताउनुहुन्छ।

खानेपानी आयोजना निर्माण सम्पन्न भएसँगै यस क्षेत्रका स्थानीयवासीलाई ठूलो राहत पुगेको लमगाउँ लिफ्ट खानेपानी तथा सरसफाइ आयोजनाका अध्यक्ष एकेन्द्र थापाले बताउनुभयो। गाउँमा एक सय ४४ घरमा एक घर एक धारा र विद्यालयमा एउटा गरी एक सय ४५ धारा निर्माण गरिएको अध्यक्ष थापाले बताउनुभयो । आयोजना ७२ लाख २६ हजार एक सय ४७ रुपैयाँमा सम्पन्न भएको उहाँको भनाइ छ। बागलुङ नगरपालिकाले विनयोजन गरेको १२ लाख १६ हजार रु चार, नेवाको ४६ लाख दुई हजार चार सय २९ रुपैयाँ, स्थानीयवासीको नगद सहयोग चार लाख ५१ हजार चार सय र स्थानीय जनश्रमदान नौ लाख ५६ हजार तीन सय १४ खर्च भएको थापा बताउनुहुन्छ।

यस आयोजनाबाट गाउँका सात सय १६ जना नागरिकले सेवा लिने छन् । आयोजना अन्तरगत इन्टेक एक, पानी बाँड्ने पानी जम्मा गर्ने चारवटा स्थानीय समुदायमा एक सय ४४ र स्थानीय विद्यालयमा एक धारा निर्माण गरिएको छ। आयोजनाका निम्ति १० हजार छ सय ९१ मिटर पोलिथिन पाइप र उक सय ६० मिटर जिआई पाइप जडान गरिएको अध्यक्ष थापालेको भनाइ छ। उहाँ भन्नुहुन्छ- "अब गाउँमा कोही पनि नागरिक पानी भर्नका लागि दुःख पाउनुपर्ने छैन, अहिलेसम्म जति समस्या भयो, त्यसलाई बिर्सिएर नयाँ खानेपानी आयोजनाको संरक्षण गर्ने र उपभोग गर्नुपर्छ, गाउँका नागरिकको अब दैनिकीसमेत फेरिने छ, पहिले खानेपानीकै लागि खर्च गर्ने समय अब उत्पादनमा लगाउने छन्, खेतीयोग्य भएर पनि सिँचाइ अभावमा बाँझो रहेका जमिनमा तरकारी फल्ने छन्, कोहीले पनि अब बजारबाट तरकारी किनेर खानुपर्ने छैन।"

बागलुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठले लमगाउँका सयौं नागरिक खानेपानीको समस्याबाट लामो समयदेखि पिल्सिएको हुँदा नगरपालिकाले खानेपानीको सङ्कट रहेको गाउँमा 'एक घर, एक धारा' निर्माण गर्ने अभियान अन्तर्गत खानेपानीको मूल अभाव भएको स्थानमा लिफ्टमार्फत घर घरमै खानेपानी पुर्‍याएको बताउनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं -११ स्थित बुद्धशान्ति पार्क निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बुद्धशान्ति पार्क निर्माण
ठेगानाः पोखरा-११, बुद्धशान्तिटोल, कास्की
योजना सम्झौता मिति : २०८०/०२/०७ गते
योजना सरु हुने मितिः २०८०/०२/०७ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. ३,०२,७६९/-
महानगरपालिकाबाट : रु. २,०१,४५४/४६
उपभोक्ता समिति अध्यक्षः कपिल बसेल

**बुद्धशान्ति पार्क निर्माण उपभोक्ता समिति पोखरा-११, बुद्धशान्तिटोल, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं -११ स्थित काहुँधरहरा परिसरमा पार्क निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः काहुँ धरहरा पार्क निर्माण
ठेगानाः पोखरा-११, काहुँ धरहरा, कास्की
योजना सम्झौता मिति : २०८०/०१/२० गते
योजना सरु हुने मितिः २०८०/०१/२१ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु. २०,००,६०६.२३/-
महानगरपालिकाबाट : रु. २०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः सु. इन्द्र बहादुर गुरुङ

**काहुँकोट देउराली मन्दिर तथा धरहरा संरक्षण समिति पोखरा-११, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २५ स्थित समिबोट बेलचौतारा हुँदै मेलबोट नाला पर्खाल तथा बाटो पिच स्लयाप ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः समिबोट बेलचौतारा हुँदै मेलबोट नाला पर्खाल तथा बाटो पिच स्लयाप ढलान
ठेगानाः पोखरा-२५, कास्की
योजना सम्झौता मिति : २०७९/११/१५ गते
योजना सुरु मितिः २०७९/११/२० गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८०/०२/२९ गते
योजनाको कुल लागत : रु. ५८,८२,३५३/-
महानगरपालिकाबाट : रु. ५०,००,०००/-
जनसहभागितः ८,८२,३५३/-
उपभोक्ता समिति अध्यक्षः कृष्ण बहादुर थापा
मो. ९८४६०५७२०५
जम्मा सदस्य संख्याः ११ महिला सदस्यः ६

**समिबोट बेलचौतारा हुँदै मेलबोट नाला पर्खाल तथा बाटो पिच स्लयाप ढलान उपभोक्ता समिति पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ३ स्थित धर्मशीला बुद्ध विहार प्रवेश द्वार पर्खाल एवम् भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः धर्मशीला बुद्ध विहार प्रवेश द्वार पर्खाल एवम् भवन निर्माण
ठेगानाः पोखरा-३, धर्मशीला मार्ग, धर्मशीला बुद्ध विहार
योजना शुरु मिति : २०७९/१२/१९ गते
योजना सम्पन्न मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. २३,२०,३०९/-
महानगरपालिकाबाट : रु. २२,९९,०००/-
उपभोक्ता समितिः अध्यक्षः श्याम शाक्य, उपाध्यक्षः चन्द्रलक्ष्मी गुभाजु, सचिवः तेजेन्द्र शाक्य, कोषाध्यक्षः विक्रम उदास, सदस्यः विनिता बज्राचार्य, सदस्यः चन्द्रकेशरी प्रधानङ्ग, सदस्यः भरतराज शाक्य अनुगमन समितिः ई. दिपक पोखरेल, जनप्रतिनिधि सवि परियार

**धर्मशीला बुद्ध विहार प्रवेश द्वार पर्खाल एवम् भवन निर्माण उपभोक्ता समिति पोखरा-३, कास्की**